# धुनिबेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खानिखोला, धादिङ
### बागमती प्रदेश, नेपाल

धुनिबेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानिखोला, धादिङ बागमती प्रदेश नेपाल

मिति:- २०७८/०२/३१

प.सं. ०७७/०७८
च.नं.: २८६१

श्री कृषि रेडियो
धुनिवेशी न.पा.-६, धार्के, धादिङ ।
श्री रेडियो राजमार्ग
धुनिवेशी न.पा.-६, धार्के, धादिङ ।

**विषयः- सूचना प्रशारण गरिदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आ.व.०७८।०७९ का लागि ९ औं नगर सभामा पेश हुने नीति, कार्यक्रम र बजेटमा समावेश हुने गरी मिति २०७८।०३।०६ सम्ममा उपयुक्त राय, सल्लाह, सुझाव एवं मार्गदर्शन उपलब्ध गराई दिन नगरवासी एवं सरोकारवाला सबैमा अनुरोध गर्दै नगरपालिकाबाट प्रकाशित सार्वजनिक सूचना थान-२ यसै साथ संलग्न छ । उक्त सूचना दैनिक १५-२० पटक प्रसारण गरी व्यापक रुपमा प्रचार प्रसार गरिदिनुहुन अनुरोध छ ।

..............................
हरिदत्त कँडेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

# धुनिवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खानिखोला, धादिङ
### बागमती प्रदेश, नेपाल

प.सं. ०७७/०७८
च.नं.: २८६२

मिति:- २०७८/०२/३१

श्री धुनिवेशी नगरवासी, समुदाय, सवै ।

**विषय:- योजना कार्यक्रमहरुको सूचि वडा कार्यालयमा पेश गर्ने सम्बन्धमा ।**

यस धुनिवेशी नगरपालिकाको प्रत्येक वडा कार्यालय एवं टोल वस्तीहरु मार्फत आयोजना तथा कार्यक्रमहरु छनौट गरी नवौं नगरसभामा पेश गर्ने कार्यक्रम रहेको व्यहोरा अनुरोध गर्दै सम्पुर्ण नगरवासीहरुलाइ आगामी आ.व. २०७८/०७९ मा धुनिवेशी नगरवाट संचालन गर्ने प्रयोजनको लागि टोल, वस्ती, समुदायस्तरवाट योजना कार्यक्रमहरुको माग आ-आफ्नो वडा कार्यालयमा पेश गर्नुहुन सवैलाई सूचित गरिन्छ । योजनाहरुको सूची पेश गर्दा धेरै समुदायलाई फाइदा पुग्ने, थोरै लगानीमा धेरै काम हुने, जनसहभागीता धेरै हुने पूर्वाधार निर्माण, कृषि, खानेपानी, पशु, स्वास्थ्य, वन, पर्यटन, शिक्षा लगायतका योजना कार्यक्रमहरु आ-आफ्नो वडा कार्यालयहरुमा प्राथमिकता सहित पेश गर्नुहुन सम्पुर्ण धुनिवेशी नगरवासीहरुमा अनुरोध छ ।

हरिदत्त कँडेल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:-**

**श्री वडा कार्यालयहरु सबै:-** वडा कार्यालयमा प्राप्त सूची एवं विवरणहरुलाई वडा समिति वाट प्राथमिकता निर्धारण गरी आगामी नगरसभामा पेश गर्ने प्रयोजनका लागि नगरपालिकाको कार्यालयमा २०७८।०३।०३ गते भित्र पेश गर्नुहुन ।

# धुनिवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खानिखोला, धादिङ
### बागमती प्रदेश, नेपाल

प.सं. ०७७/०७८
च.नं.: ९८६३

मितिः- २०७८/०२/३१

# सार्वजनिक सूचना !

**धुनिवेशी नगरवासी एवं सरोकारवाला सबै ।**

**विषयः- सूझाव पेश गर्न अनुरोध गरिएको सम्बन्धमा ।**

यस नगरपालिकाले आ.व. २०७८/०७९ मा कार्यान्वयन हुने गरि यहि मिति २०७८ आषाढ १० गते नगर सभामा नीति, कार्यक्रम र बजेट पेश गर्न गईरहेकोले सो सम्बन्धी दस्तावेजमा समावेश गर्ने नीति, कार्यक्रम, योजनाहरु (सडक, सिंचाई, खानेपानी, स्वास्थ्य, कृषि, पशु, आयआर्जन वृद्धि, गरिवि निवारण, खेलकुद, सरकारी सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार एवं वृद्धि, गैर सरकारी संघ संस्थाहरुको सहकार्य एवं साझेदारी कार्यक्रम, सहकारी विकास, पर्यटन विकास, शहरी विकास, फोहोरमैला व्यवस्थापन, व्यवस्थित बजार विकास, खानेपानी एवं उद्योग व्यवसायहरुको प्रर्वधन आदी) जस्ता विषयहरुमा लिखित राय, सल्लाह, सुझाव पेश गर्नुहुन अनुरोध गरिन्छ । साथै यस नगरपालिकाको आन्तरिक आय वढाइ के कसरी सवल, सक्षम र आत्मनिर्भर बनाउन सकिन्छ ? सो विषयमा समेत यही मिति २०७८ आषाढ ६ गते भित्र प्राप्त हुने गरी राय, सल्लाह, सूझाव उपलब्ध गराई दिनुहुन नगरवासी एवं सरोकारवाला सबैमा विनम्र अनुरोध छ ।

**सुझाव पेश गर्ने स्थानः-**
-नगरपालिकाको कार्यालय, खानीखोला,
-वडा कार्यालयहरु सबै,
-Email: dhunibeshimun@gmail.com

प्रमुख प्रशासकीय अधिकृत
धुनिवेशी नगरपालिका
खानीखोला, धादिङ